जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति: २०८२/१२/३०

## सूचना ! सूचना !! सूचना !!!

**विषयः व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी अत्यन्त जरूरी सूचना ।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आयोजनामा वि.सं. २०८३ साल बैशाख १ गते देखि ७ गते सम्म देशै भरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य भइरहेको छ । साथै, यस जनकपुरधाम उप-महानगरपालिकाका २५ वटै वडा कार्यालयमा समेत जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता छुट्न गएका सम्पूर्ण सेवाग्राहीहरुले तोकिएको समयमा आ-आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं ।

व्यक्तिगत घना दर्ता किन गर्ने ?

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
- बालबालिकालाई विद्यालय भर्ना गर्न,
- नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी र नाबालक परिचयपत्र बनाउन,
- बैंकमा खाता खोल्न र
- राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

**व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।**

**"नभूल्नुहोस् है,**
**व्यक्तिगत घटना दर्ता सप्ताह,**
**२०८३ बैशाख १ देखि ७ गते सम्म, देशैभरी ।**
**व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरौं/गराऔं ।**
**जिम्मेवार नागरिकको परिचय दिऔं ।"**

थप जानकारीको लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय तथा जनकपुरधाम उप-महानगरपालिकाको, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा सम्पर्क गर्नुहोस् ।

..............................
शाखा अधिकृत

**बोधार्थः**
**श्री सूचना तथा प्रविधिक शाखाः** सूचना वेवसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन अनुरोध ।
**श्री शिक्षा तथा खेलकुद शाखा,** ज.उ.म.न.पा.- सबै सामुदायिक स्कूलमा व्यक्तिगत घटना दर्ता सप्ताह अभियान सम्बन्धी सचेतनामुलक जानकारी दिनुहुन ।
**श्री वडा कार्यालय-सबै,** ज.उ.म.न.पा.- पञ्जीकरण शाखाबाट अभियान सम्बन्धी फ्लेक्स तथा पमफ्लेट बुझिलिनुहुन अनुरोध छ ।